

गण्डकी प्रदेश सरकार

सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालय

# सामाजिक विकास कार्यालय,तनहुँ

## स्वत: प्रकाशन

## (Proactive Discloser)

## आर्थिक वर्ष २०८१/०८२

**सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) र सो नियमावलीको नियम ३ वमोजिम सामाजिक विकास कार्यलय,तनहुँको स्वतः प्रकाशन**

२०८१ श्रावण १ गतेदेखि २०८२ असार मसान्तसम्म

## १. सामाजिक विकास कार्यालय तनहुँको प्रकृति र स्वरुप

गण्डकी प्रदेश सरकार सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालय,गण्डकी प्रदेश,पोखरा अन्तर्गत गण्डकी प्रदेशका सवै ११(एघार) जिल्लामा सामाजिक विकास कार्यालयको स्थापनासम्वन्धी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन - २०७८ गण्डकी मन्त्रिपरिषद्बाट स्वीकृत भए वमोजिम तनहुँ जिल्लामा मिति २०७८।०५।२३ गते सामाजिक विकास कार्यालय स्थापना भै मिति २०७८।०६।१३ गते तात्कालीन माननीय शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री श्री मेखलाल श्रेष्ठज्यूबाट औपचारिक रुपमा समुद्घाटन भई सञ्चालनमा आएको छ ।

यसै बीचमा गण्डकी प्रदेश सरकार (कार्यविभाजन) नियमावली,२०७४ मा शिक्षा,संस्कृति,विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको कार्यजिम्मेवारी,कार्यवोझ तथा कार्य प्रकृति समेतलाई दृष्टिगत गरी मन्त्रालयको अधिकार र कार्यक्षेत्राधिकार भित्र पर्ने नीति,योजना तथा कार्यक्रमको सशक्त र प्रभावकारी रुपबाट कार्यान्वयन गरी अपेक्षित उपलव्धि हासिल गर्न मन्त्रालय अन्तरगत जिल्लास्तरमा प्रशासनिक संयन्त्रको रुपमा तनहुँ जिल्लामा समेत सामाजिक विकास कार्यालय स्थापना भएको छ ।

संघीय प्रणालीलाई थप सबल बनाउन तथा प्रदेश र स्थानीय तहहरु वीच सम्वन्ध सेतुको कार्य गर्ने हेतुले स्थापना गरिएको यस सामाजिक विकास कार्यालयको मूलभूत जिम्मेवारी साविकमा महिला तथा बालबालिका कार्यालय मार्फत हुने जेष्ठ नागरिक, अपाङगताको क्षेत्रमा क्षमता विकास तथा सहायता,महिला तथा बालबालिका सम्बन्धी कार्यहहरु, शैक्षिक कार्यहरु, जिल्ला भित्रका धार्मिक,सांस्कृतिक तथा ऐतिहासिक महत्वको पहिचान बोकेका स्थानहरुको संरक्षण तथा मर्मत संभार,सामुदायिक भवन निर्माण,मर्मत संभार, लगायतका कार्यहरु पर्दछन् ।

कार्यालय स्थापनाको शुरुका वर्षहरुमा शिक्षा विकास तथा समन्वय इकाइ तनहुँको कार्यालयका दुई वटा कोठाहरुबाट आफ्नो कार्य शुरुवात गरेको यस कार्यालयको हाल साविकको महिला तथा बालबालिका कार्यालयको स्वामित्वमा रहेको भवनलाई प्रदेश सरकारद्वारा आर्थिक वर्ष **२०८१।०८२** मा थप वजेट व्यवस्थापन गरी निर्माण कम्पनीबाट चालु आ व मा भवन निर्माण सम्पन्न गरी मिति २०८१ साल पौष १४ गते आइतबार गण्डकी प्रदेश सरकार सामाजिक विकास युवा तथा खेलकुद मन्त्री माननीय विन्दु कुमार थापाज्यूबाट समुद्घाटन सम्पन्न भइ आफ्नै भवनबाट सहजतापूर्वक सेवा प्रवाह गरी रहेको छ ।

## २. सामाजिक विकास कार्यालय तनहुँको स्वीकृत सांगठनिक संरचना र कार्यरत जनशक्ति



## ३. सामाजिक विकास कार्यालयबाट प्रदान गरिने सेवाहरु:

फोन नं.:
०६५-५६०४२२, ९८५६०१३४२२
ईमेल:
tanahunsdo2078@gmail.com

गण्डकी प्रदेश सरकार
सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालय

# सामाजिक विकास कार्यालय

तनहुँ

# नागरिक वडापत्र

| क्र. सं. | सेवा र सेवाको प्रकृति | सेवा प्राप्तिका लागि पूरा गर्नुपर्ने कार्यविधि/कागजात | जिम्मेवार पदाधिकारी | कार्य कक्ष | सेवा प्राप्ति गर्न लाग्ने | | क्षतीपुर्ति |
|---|---|---|---|---|---|---|---|
| | | | | | समयावधि | दस्तुर/ अन्य शुल्क | |
| १. | योजना तथा कार्यक्रम सम्झौता | १. योजना तथा कार्यक्रमको सम्झौताको लागि निवेदन<br>२. स्वीकृत लागत अनुमान<br>३. वडा कार्यालयको योजना सम्झौता गरिदिने वारेको सिफारिस<br>४. सरोकारवाला उपभोक्ताहरुको भेलाबाट निर्वाचित पदाधिकारीको रोहवरमा भएको उपभोक्ता समिति/अनुगमन समिति गठनको निर्णयको प्रतिलिपि ।<br>५. संघसंस्था, समूह, क्लब, समिति आदी जस्ता आधिकारिक संस्थाद्वारा कार्यान्वयन गरिने योजना भए सोही समितिको आधिकारिक निर्णयको प्रमाणित प्रतिलिपि ।<br>६. समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि।<br>७. भौतिक पूर्वाधार वाहेक अन्य कार्यक्रमको लागि कार्यक्रम प्रस्ताव | प्रशासन, योजना तथा अनुगमन शाखा | ३/५ | सोही दिन | शुल्क नलाग्ने | कानून बमोजिम |
| २. | रनिङ विल वा अन्तिम विल भुक्तानी माग | १. योजना फरफारक गरिदिने वारेको निवेदन ।<br>२. प्राविधिकबाट मुल्याङ्कन भएको कार्य सम्पन्न प्रतिवेदन ।<br>३. वडा कार्यालयबाट फरफारक गरिदिने वारेको सिफारिस पत्र ।<br>४. खर्चका प्रमाणित विल भरपाईहरु ।<br>५. आयोजना सार्वजनिक लेखा परीक्षण फारम<br>६. उपभोक्ता समिति/अनुगमन समितिबाट आमभेलाको उपस्थितिमा योजना सम्पन्न भएको बेहोरा खुलेको खर्चका शिर्षकगत रुपमा अनुमोदन गरेको निर्णयको प्रतिलिपि<br>७. योजनाको सूचना पाटी राखिएको फोटा कार्यसम्पन्न भएका तस्विरहरु योजना तथा कार्यक्रम सम्पन्न प्रतिवेदन | प्रशासन, योजना तथा अनुगमन शाखा/आर्थिक प्रशासन शाखा | २/३/५ | सोही दिन | शुल्क नलाग्ने | कानून बमोजिम |
| ३. | लक्षित कार्यक्रमहरु सञ्चालन | १. निवेदन पत्र<br>२. सम्बन्धित कार्यक्रमको प्रस्तावना<br>३. संघ संस्था भए सो संस्थाको विनियम | सामाजिक विकास शाखा/शिक्षा शाखा | ५ | सोही दिन | शुल्क नलाग्ने | कानून बमोजिम |
| ४. | सुचना माग र प्राप्त | १. नागरिकताको प्रमाणपत्र वा परिचय खुल्ने अन्य कागजातहरु<br>२. रितपूर्वकको निवेदन पत्र | प्रशासन शाखा (सुचना अधिकारी) | २ | सुचनाको प्रकृतिका आधारमा नियानुसार | कानून बमोजिम | कानून बमोजिम |
| ५. | सम्पूर्ण प्रशासनिक तथा कार्यालयका अन्य कार्यहरु | प्रचलित कानून बमोजिम | प्रशासन शाखा/ सम्बन्धित शाखा | ५ | कामको प्रकृति अनुसार | कानून बमोजिम | कानून बमोजिम |

पुनश्च :-

१. नियमानुसार नि:शुल्क रुपमा प्रदान गर्न सकिने भनी तोकिएका सेवाको हकमा कुनै सेवा शुल्क/दस्तुर लाग्ने छैन ।
२. सेवाको प्रकृति अनुसार सर्जमिन, आवश्यक प्रहरी प्रतिवेदन र अन्य कागजात तथा प्रमाणहरुको प्रतिलिपि आवश्यक परेको अवस्थामा तोकिए बाहेक अतिरिक्त समय लाग्नेछ ।
३. उपरोक्तानुसार सेवा सुविधा वाहेकका सेवा सुविधाको सेवा प्राप्ति कार्यविधि/प्रकृया र लाग्ने दस्तुर तालुक निकाय निर्धारण गरेअनुरुप तथा प्रचलित कानून बमोजिम हुनेछ ।
४. सेवाग्राही/सरोकारवालाको गुनासो सुन्ने अधिकारी (नोडल अधिकृत) का रुपमा प्राविधिक सहायकलाई तोकिएको छ ।
५. थप जानकारीका लागि यस कार्यालयको तालुक निकाय सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश पोखरामा सम्पर्क गर्न सकिनेछ ।

## ४. कार्यालयबाट  आ व २०८१/०८२ मा सम्पादित मुख्य मुख्य कार्यहरु

| क) पुँजीगत कार्यक्रमहरु | | |
|---|---|---|
| १ | श्री मानेचौका छेदेन कर्मा छेलिङ गुम्बा निर्माण तथा संरक्षण, भानु न.पा. ११, तनहुँ | गुम्बामा प्लास्टर, तला थप तथा रेलिङ  निर्माण  भएको |
| २ | अधुरो राधा-कृष्ण मन्दिर निर्माण योजना, व्यास न.पा.-१, तनहुँ | प्लाष्टर, अपाङ्गमैत्री र्याम्प, ग्रेनाइट र टाइलको काम भएको |
| ३ | श्री ज्वालादेवी आमा समूह भवन, शुक्लागण्डकी न.पा.-१ | रङरोगन, प्लाष्टर र शौचालय तथा झ्यालढोका निर्माण भएको |
| ४ | श्री गुरुङ्ग सामुदायिक भवन निर्माण, भानु न.पा.-१० | जग निर्माण गरी प्लिन्थ लेवलसम्म निर्माण भएको |
| ५ | श्री साँखुली सामुदायिक बहुउद्देश्यीय भवन मर्मत, भानु न.पा.-३ | ट्रस र शौचालय निर्माण भएको |
| ६ | श्री गलेश्वर आश्रममा कम्पाउण्ड निर्माण, देवघाट गा.पा.-५ | कम्पाउण्ड वाल निर्माण भएको |
| ७ | देवघाट क्षेत्र विकास समितिद्वारा सञ्चालित देवघाट समाज कल्याण केन्द्र (वृद्धाश्रम) को भान्छाघर निर्माण, देवघाट गा.पा.-५ | पेटी, प्लाष्टर तथा झ्याल ढोका निर्माण भएको |
| ८ | श्री मादी गंगा महिला बहुउद्देश्यीय सहकारी संस्था (हिंसा प्रभावित महिला सेवा केन्द्र सञ्चालन प्रयोजन) भवनको ट्रस निर्माण, व्यास -२ | ट्रस निर्माण गरी कोठा निर्माण भएको |
| ९ | श्री दरगाउँ गुरुङ्ग समाज भवन, शुक्लागण्डकी न.पा.-५ | जग निर्माण गरी प्लिन्थ लेवलसम्म निर्माण भएको |
| १० | श्री ज्वालादेवी मन्दिर निर्माण, शुक्लागण्डकी न.पा.-२ | मन्दिर परिसरमा ग्रेनाइट लगाउने काम भएको |
| ११ | कालिका मन्दिर संरक्षण शुक्लागण्डकी-३, तनहुँ | संरक्षणको लागि मन्दिर पछाडी पर्खाल लगाएको |
| १२ | बद्रिनारायण मन्दिर रामानुज पिठ मर्मत संभार देवघाट-५ | ट्रस, वाल निर्माण भएको |
| १३ | अलवर काफीजामे मुस्लिम भवन स्ततोन्नती भानु ७ | शौचालय र भुइँ ढलानको काम भएको |
| १४ | अनन्त युवा क्लब ट्रस निर्मान व्यास १० | ट्रस निर्माण भएको |
| १५ | रामथुम्की दलित विकास समाजको भवन मर्मत व्यास ११ | गाह्रो लगाउने, रङरोगन र टाइलको काम भएको |
| १६ | कालिका नेवाः गुठी अधुरो भवन निर्माण भानु ११ | ट्रस निर्माण भएको |
| १७ | नेवा समाज भवन स्तरोन्नती व्यास ६ बाह्रविसे | वाल लगाउने काम भएको |
| १८ | चोकालीटार खेलमैदान मर्मत सम्भार भानु ३ | मेसिन लगाई मर्मत सम्भार भएको तथा पर्खाल निर्माण भएको |

| | | |
|---|---|---|
| १९ | छपेली सास्कृतिक यूवा क्लब खेलमैदान मर्मत सम्भार बन्दीपुर | तारजाली लगाई बाटो ढलान गरेको |
| २० | कामधेनु मा वि खेल मैदान मर्मत सम्भार घिरिङ ५ | वाल उठाई माटो भरी खेलमैदान निर्माण गरेको |
| २१ | बालशैक्षणिक खेलमैदान मर्मत सम्भार भिमाद ३ | खेलमैदानको पश्चिमपट्टी नाला निर्माण भएको |
| २२ | किराखोर खेलमैदान निर्मान शुक्लागण्डकी-२ तर्तकुढाडा | ग्याविन जाली लगाई खेलमैदान सम्म्याउने काम भएको |
| २३ | श्री कोइदिम सामुदायिक अधुरो भवन निर्माण सम्पन्न, ऋषिङ्ग गा.पा.-१, तनहुँ | भवनमा गाह्रो र झ्यालढोका निर्माण सम्पन्न भएको |
| २४ | श्री इन्दिरा सन्यास आश्रममा भान्छाघर निर्माण तथा आँगनमा ढुङ्गा छाप्ने कार्य, देवघाट गा.पा.-५, तनहुँ | भान्छाकोठा निर्माण भएको |
| २५ | श्री दिपज्योती मगर संघ नेपाल अधुरो भवन निर्माण, घिरिङ्ग-१ | ट्रस निर्माण भएको |
| २६ | अधुरो निलकण्ठ शिवालय मन्दिर निर्माण योजना घिरिङ १ | भवनमा वाल र झ्यालढोका निर्माण भएको |
| २७ | तनहुँ कालिका मन्दिर मर्मत सम्भार व्यास ४ | कम्पाउण्ड वाल निर्माण भएको |
| २८ | जेष्ठ नागरिक दिवाकालिन आश्रमको पूर्वाधार सुधार व्यास ५ | ट्रस निर्माण र पार्केटिङ गर्ने काम भएको |
| २९ | राममन्दिर टोल वृद्धा आश्रम अधुरो भवन निर्माण भिमाद ५ | भवनमा वाल र रङरोगन निर्माण भएको |
| ३० | नेपाल मगर संघ तनहुँ अधुरो भवन निर्माण व्यास ३ | प्लाष्टर र रङरोगनको कार्य भएको |
| ३१ | त्रिपुरासन्दरी मन्दिर पर्खाल निर्माण बन्दीपुर ३ | गेट तथा कम्पाउण्ड वाल निर्माण भएको |
| ३२ | मुकुन्देश्वरी मन्दिर निर्माण बन्दीपुर २ | ग्याविन वाल निर्माण भएको |
| ३३ | देवघाट सार्वजनिक पुरस्तकालय अधुरो भवन निर्माण देवघाट ५ | प्लाष्टर, वाल र पैटीको काम भएको |
| ३४ | शव दाह गृह निर्माण शुक्लागण्डकी २ | शव दाह गृह निर्माण भएको |
| ३५ | मस्जिद मर्दसा भवन निर्माण शुक्लागण्डकी १ | आर.सि.सि ढलान कक्षाकोठा निर्माण भएको |
| ३६ | अकला मन्दिर धर्मशाला निर्माण म्याग्दे ६ | जग निर्माण गरी प्लिन्थ लेवलसम्म निर्माण भएको |
| ३७ | कालिका सामुदायिक भवन मर्मत सम्भार भानु १२ | वाल, झ्यालढोका, प्लाष्टर तथा पैटीको काम भएको |
| ३८ | जेष्ठ नागरिक पार्क निर्माण भिमाद ८ दाट्मा | ट्रस निर्माण भएको |
| ३९ | पिपलधारा आमा समूह अधुरो भवन निर्माण भिमाद ९ | आर.सि.सि.शौचालय र ढलान सहित ट्रस निर्माणको काम भएको |
| ४० | शिवालय टोल बहुउदेश्यीय भवन मर्मत सम्भार भिमाद १ | रङरोगन तथा टायलको काम भएको |

| | | |
|---|---|---|
| ४१ | शिवालय टोल भवन निर्माण मर्मत  सम्भार भिमाद ७ | शौचालय, वाल तथा रेलिङको काम भएको |
| ४२ | सिविल नेवा भवन मर्मत सम्भार भिमाद ६ | वाल, झ्यालढोका तथा शौचालयको काम भएको |
| ४३ | हरिहर आश्रम पूर्वाधार सुधार देवघाट ५ | कम्पाउण्ड वाल निर्माण भएको |
| ४४ | सेतो गुराँस बाल विकास केन्द्र भवन स्तरोन्नती व्यास-२ | वाल, जस्तापाता तथा रङरोगनको काम भएको |
| ४५ | भानु माध्यमिक विद्यालय संरक्षण तथा कम्पाउण्ड वाल निर्माण, बन्दिपुर गा.पा-२, तनहुँ | ग्याविन जाली भरी पर्खाल निर्माण भएको |
| ४६ | साबिक महिला तथा बालबालिका कार्यालय (हाल सामाजिक विकास कार्यालयले उपयोग गर्ने) भवन निर्माण सम्पन्न, व्यास -३ | कार्यालय भवन निर्माण सम्पन्न भई सेवा प्रवाहमा सहजता भएको |
| **क्र.सं.** | **कार्यक्रमको नाम** | **कार्यक्रमबाट हासिल भएका उपलब्धिहरू** |
| ख) चालु पुँजिगत कार्यक्रमहरु | | |
| १ | श्री दिपक माध्यमिक विद्यालयमा पक्की घेरावार निर्माण, ऋषिङ्ग गा.पा.-१, तनहुँ | पक्की घेरावार निर्माण भएको |
| २ | श्री अरुणोदय प्रा.वि.मा खानेपानी र घेराबार निर्माण, आँबुखैरेनी-५, तनहुँ | घेरबार निर्माण भएको |
| ३ | श्री सिन्धु प्राथमिक विद्यालय मर्मत, व्यास न.पा.-५, तनहुँ | रङरोगन, जिप्सन र जस्तापाता लगाउनै काम भएको |
| ४ | श्री कर्लुङ्ग प्राथमिक विद्यालयमा शौचालय निर्माण, व्यास -१२, तनहुँ | शौचालय, तथा घेरवार निर्माण भएको |
| ५ | श्री त्रिभुवन माध्यमिक विद्यालयमा खेल मैदान निर्माण, भानु न.पा. -११, तनहुँ | जाली लगाई घेरबार गरेको |
| ६ | श्री पार्वती आधारभूत विद्यालयको भवन तथा शौचालय मर्मत, म्याग्दे गा.पा.-४, तनहुँ | प्लाष्टर, शौचालय मर्मत तथा रङरोगन गरेको |
| ७ | श्री कन्यादेवी माध्यमिक विद्यालयमा पूर्वाधार मर्मत सम्भार, आँबुखैरेनी गा.पा.-६ | रङरोगन, भुइँ ढलानको काम भएको |
| ८ | विद्यालय मर्मत तथा खानेपानी व्यवस्तापन मिन मा.वि. म्याग्दे, थर्पु | खानेपानी ट्याङ्की निर्माण भएको |
| ९ | जनकल्याण मा.वि. शुक्लागण्डकी ५ तनहुँ, मर्मत सम्भार | टाइल तथा भर्याङ्ग निर्माण भएको |
| १० | छाब्दी बाराही आ.वि. कम्पाउण्ड निर्माण ब्यास-१२ | गेट चता कम्पाउण्डवाल निर्माण भएको |
| ११ | पार्वती मा.वि. भवन स्तरोन्नती देवघाट-१ | जस्तापाता फेरिएको |
| १२ | उदम मा वि  मर्मत सम्भार व्यास ५ | कम्पाउण्ड वाल निर्माण निर्माण भएको |

| | | |
|---|---|---|
| १३ | शिव मा वि छात्रावास निर्माण ऋषिङ ८ | ट्रस तथा वालको काम भएको |
| १४ | कालिका मा वि शौचालय निर्माण भानु ९ | शौचालय निर्माण भएको |
| १५ | बुद्ध सदन शाक्यमुनि गुम्वा मर्मत सम्भार बन्दीपुर ४ | रङरोगन तथा टाइलको काम भएको |
| १६ | हिमालय मा.वि. चाम्बास घेराबार तथा मर्मत सम्भार भानु-३ | ग्गाविन जाली, घेरबार तथा भुई ढलान भएको |
| १७ | सरस्वती नमुना मा वि घेरावार शुक्लागण्डकी ७ | कम्पाउण्ड वालमा प्लाष्टर र जाली लगाई घेरवार भएको |
| १८ | धर्म आ वि मर्मत सम्भार ऋषिङ | कक्षाकोठा निर्माण भएको |
| १९ | पूर्कोट कालिकाक्यम्पस शौचालय निर्माण भानु ९ | शौचालय निर्माण भएको |
| २० | होमराज लोहनी शारदा शिक्षा सदन मा वि शौचालय निर्माण भानु २ | शौचालय निर्माण भएको |
| २१ | पार्वती मा.वि. भिमाद-४, बवन स्तरोन्नती | ट्रस निर्माण भएको |
| **क्र.सं.** | **कार्यक्रमको नाम** | **कार्यक्रमबाट हासिल भएका उपलब्धिहरू** |
| ग) चालु कार्यक्रमहरु | | |
| १ | शिक्षक विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | शिक्षक र विद्यार्थीको प्रतिभा पहिचान गर्ने अवसर प्राप्त भएको |
| २ | स्थानिय तहका महिला तथा वालवालिका शाखाका कर्मचारी/सामाजिक विकास समितिका पदाधिकारीहरुलाई अभिमुखिकरण | दश वटै स्थानिय तहका महिला तथा वालवालिका शाखाका कर्मचारी/सामाजिक विकास समितिका पदाधिकारीहरुलाई २ दिने अभिमुखिकरण कार्यक्रम भएको |
| ३ | महिलाहरुको लागि निशुल्क लोक सेवा तयारी कक्षा सञ्चालन | ५० जना महिलाहरुले २० दिने निशुल्क लोक सेवा तयारी कक्षा लिएका |
| ४ | प्रारम्भिक वालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन अनुदान | रु.१ लाखका दरले विभिन्न ८ ओटा बालवकिास केन्द्रमा सिकाइ सामग्री खरिद अनुदान दिइएको |
| ५ | आधारभूत विद्यालय (कक्षा १-८) मा विज्ञान प्रयोगशाला सुदृढीकरण अनुदान | रु.२ लाखका दरले विभिन्न ४ ओटा आभारभूत विद्यालयहरुमा विज्ञान प्रयोगशाला सुदृढीकरण अनुदान दिइएको |
| ६ | न्यून सिकाइ उपलव्धी भएका (कक्षा ८-१० मा अंग्रेजी, गणित र विज्ञान विषय) विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन अनुदान | न्यून सिकाइ उपलव्धी भएका (कक्षा ८-१० मा अंग्रेजी, गणित र विज्ञान विषय) विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन गर्न ९ ओटा मा.वि. र १ ओटाआ.विलाई अनुदान दिइएको |
| ७ | अपाङ्गता भएका व्यक्तिहरुको लागि सहायता सामग्री वितरण | अपाङ्गता भएका व्यक्तिहरुको लागि १०२ वटा सहायता सामग्री वितरण भएको |
| ८ | ज्येष्ठ नागरिकमा रहेको ज्ञान सीप र अनुभव अन्तरपुस्ता हस्तान्तरण | छाब्दीमा ४९ जना, शुक्लागण्डकी न्यवनधाममा ३० जना |

| | | |
|---|---|---|
| ९ | लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन | व्यास न.पा.र देवघाट गा.पाको सहकार्यमा अभियान सञ्चालन भएको |
| १० | महिला, बाल, ज्येष्ठ नागरिक, अपाङ्गता आदी दिवसीय कार्यक्रम | नारी दिवस, बाल दिवस, ज्येष्ठ नागरिक दिवस आदि दिवसीय कार्यक्रम सञ्चालन गरिएको |
| ११ | किशोरीहरुलाइ आत्मरक्षा सम्बन्धी तालीम | बज्रयोगिनी मा.वि. देवघाटमा ९८ जना, शुक्ला मा. वि.ऋषिङमा १५६ जना र चणडीदेवी मा वि मा १८९ जना किशोरीहरुले आत्मरक्षासम्बन्धी २ दिने तालिम लिएका |
| १२ | जिल्ला बाल संजाल बैठक र जिल्ला बाल अधिकार समिति गठन तथा परिचालन | जिल्ला बाल सञ्जाल गठन, ३ वटा बैठक र अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको |
| १३ | विषयगत शिक्षक समुह गठन परिचालन (गणित, विज्ञान र अग्रेजी) | घिरिङ र भिमादमा भएको |
| १४ | मिडियासँग सामाजिक विकास कार्यक्रम | नेपाल पत्रकार महासंघ तनहुँसँग सम्झौता गरी सन्देशमूलक सामग्री प्रकाशन तथाप्रसारण गरियो |
| १५ | सामाजिक कुरीति विरुद्ध अभियान सञ्चालन (लैङ्गिक हिंसा, बाल विवाह, दाइजो प्रथा, जातीय भेदभाव, मानव वेचविखन तथा ओसारपसार लगायतका परम्परागत हानिकारक अभ्यासहरु न्यूनीकरण) | घिरिङ गा पा, शुक्लागण्डकी न.पा र ऋषिङमा सामाजिक कुरीति विरुद्ध नाटक तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको |
| १६ | बालमैत्री स्थानीय शासन प्रबर्द्धन तथा व्यवस्थापन कार्यक्रम | म्गाग्दे, भिमाद र देवघाटका स्थानीय तहहरुको समन्वयमा बालमैत्री स्चानीय शासन तथा व्यवस्थापन कार्यक्रम भएको |
| १७ | जिल्ला बाल अधिकार समिति/जिल्ला बाल सञ्जालका पदाधिकारीहरुलाई बाल अधिकार सम्बन्धी अभिमुखिकरण | भिमाद र बन्दिपुरमा २/२ दिवसीय कार्यक्रम सञ्चालन भएको |
| १८ | आत्महत्या रोकथाम तथा न्युनिकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | मित्रता मा वि आँबु, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र व्यास र खैरेनी मा वि शुक्लागण्डकीमा सम्पन |
| १९ | द्वन्द्वपिडित बेपत्ता, घाईते, अपाङ्ग, सहिद परिवार र विपन्न महिलाहरुको उद्यम, व्यवसाय तथा रोजगारी प्रवर्द्धनमूलक कार्यक्रम | ७ जना उद्यमीहरुलाई बिउँ पुजी तथा प्रविधि हस्तान्तरण गरिएको |
| २० | सीपयुक्त युवाहरुका लागि उद्यमशिलता् / व्यवसाय शुरुवात सहयोग कार्यक्रम | ५ जना उद्यमीहरुलाई बिउँ पुजी तथा प्रविधि हस्तान्तरण गरिएको |
| २१ | महिला उद्यमशिलता प्रोत्साहन कार्यक्रम | १७ जना महिला उद्यमीहरुलाई बिउँ पुजी तथा प्रविधिहस्तान्तरण गरिएको |
| २२ | मुसलमान, दरै र कुमाल समुदायका आर्थिक सशक्तिकरण तथा सचेतना अभिवृद्वि कार्यक्रम | शुक्लागण्डकीमा मुसलमान ४० जना र व्यासमा कुमाल समुदायका ९८ जना र दरै समुदायका ४४ जनालाई आवश्यक सिपमूलक तालिम दिईएको |

| | | |
|---|---|---|
| २३ | जिल्ला बाल अधिकार समितिलाई बाल अधिकार सरक्षण प्रबर्द्धन तथा अनुगमन | शुक्लागण्डकी र आँबुखैरेनी गा पा का विभिन्न विद्यालयमा बाल क्लव र बालगृहहरुको अनुगमन गरियो |
| २४ | जिल्लास्तरमा महिला बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति एवम् लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको क्षेत्रमा काम गर्ने संस्थाहरुसँग समन्वय वैठक | सबै क्षत्रको प्रतिनिधित्व हुने गरी बैठक सम्पन्न |
| २५ | बालमैत्री स्थानीय शासनका सूचकहरुबारे स्थानीय तहका महिला तथा बालबालिका शाखाका कर्मचारी तथा जनप्रतिनिधिहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम | बन्दिपुरमा ५ दिने प्रशिक्षक प्रशिक्षण सम्पन्न भएको |
| २६ | आईसिटी बुट क्याम्प तथा जव फेयर कार्यक्रम | ९ वटा स्थानीय तहका ३० जना विद्यार्थीहरुलाई १० दिने आ.सि.टि बुट क्याम्प सम्पन्न |
| २७ | बिद्यार्थीहरुका लागी सिर्जनात्मक लेखन कार्यशाला | स्थानीय तह र जिल्लास्तरीय सिर्जनात्मक लेखन कार्यशाला सम्पन्न |
| २८ | एकल महिलाहरुको लागी नेतृत्व विकास कार्यक्रम | एकल महिलाहरुका लागि २ दिवसीय नेतृत्व क्षमता विकास तालिम सम्पन्न |
| २९ | दलित महिलाहरुको लागी नेतृत्व विकास कार्यक्रम | दलित महिलाहरुका लागि २ दिवसीय नेतृत्व क्षमता विकास तालिम सम्पन्न |
| ३० | लागु औषध नियन्त्रणका लागि सचेतना कार्यक्रम | सत्यवती मा वि, पञ्मुनीदेव मा वि र बाराही महिला सहकारीमा सचेतनामूलक कार्यक्रम भएको |
| ३१ | अभिभावक शिक्षा | ९ वटा स्थानीय तहका १५ स्थानमा करिब २५००जना अभिभावकलाई अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिएको |
| ३२ | संचालित ज्येष्ठ नागरिक आश्रमहरुलाई संचालन अनुदान | ३ वटा ज्येष्ठ नागरिक आश्रमहरुलाई सञ्चालन अनुदान उपलब्ध गराईएको |
| ३३ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुलाई संचालन अनुदान | ७ वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रहरुलाई सञ्चालन अनुदान उपलब्ध गराईएको |
| ३४ | अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनस्थापना कार्यक्रम (CBR) | देवघाट गाउँपालिकामा महिला अपाङ्गता शसक्तिकरण समाजको सहकार्यमा कार्यक्रम सञ्चालन भएको |
| ३५ | स्थानीय तहहसँगको समन्वयमा हिंसा प्रभावित व्यक्तिहरूका लागि अल्पकालिन आश्रय सहितको सेवा केन्द्र संचालन निरन्तरता (व्यास न.पा.) | मादी गंगा महिला सहकारी संस्थासँगको सहकार्यमा ३४ जना लैङ्गिक हिंसा प्रभावितहरुका लागि अल्कालिन आश्रय प्रदान गरिएको |

| ग) विशेष अनुदान | | |
|---|---|---|
| १ | निर्मल माध्यमिक विद्यालयको भवन र प्रयोगशाला निर्माण (विशेष अनुदान कार्यक्रम) | निर्मल मा वि को भवन र प्रयोगशाला निर्माण सम्पन्न भएको |

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **कार्यक्रमबाट हासिल भएका उपलब्धिहरू** |
|---|---|---|
| घ) संघीय शसर्त | | |
| १ | विपद् व्यवस्थापन | १६ वटा सामुदायिक विद्यालयका भौतिक संरचना मर्मत भएको |

**४. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद**

क) कार्यालय प्रमुखः

- नामः बिदुरहरि आचार्य
- पदः कार्यालय प्रमुख
- मोवाइल नः ९८५६०१३४२२

ख) सूचना अधिकारी

- नामः कृष्ण प्रसाद न्यौपाने
- पदः लेखा अधिकृत
- मोवाइल नः ९८५६०१३४२४

**५.ऐन नियम र निर्देशिकाको सूची**

- सामाजिक विकास कार्यालयबाट सञ्चालन हुने महिला बालबालिका तथा समाज कल्याण सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड २०८१
- सामाजिक विकास कार्यालयबाट सञ्चालन हुने युवा तथा खेलकुद सम्बन्धी कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड २०८१
- प्रदेश खर्चको मापदण्ड २०७९

**६. कार्यालयको वेव साइट**

यस कार्यालयको वेब साइट http://sdotanahun.gandaki.gov.np/ मा सार्वजनिक सूचनाहरु तथा कार्यालयले सम्पादन गरेका प्रतिनिधिमूलक केहि कार्यक्रमहरुका भिडियोहरु निर्माण गरी Upload गरिएको छ।